(कार्यपालिका बैठक संख्या :- १२६
बैठक मिति :- २०७९।०९।०१
अध्यक्षता :- नगर प्रमुख श्री हेमकर्ण पौडेल

**निर्णय नं. १**

नेपाल सरकार, नापी विभाग द्धारा तयार गरिएको यस पालिकाको भु-उपयोग क्षेत्र वर्गीकरण तथा भू-उपयोग क्षेत्रको नक्सा आजको बैठकमा प्रस्तुत भएको र सो नक्सा सम्वन्धि वडा स्तरमा वृहत छलफल गरी भू-उपयोग क्षेत्र वर्गीकरण गरी ७ दिन भित्र नगरपालिकाको कार्यालयमा पठाउने र वडाहरु वाट भू-उपयोग वर्गीकरण विवरण प्राप्त भए पश्चात आगामी २०७९ पुष १५ सम्ममा नगर क्षेत्रको भूउपयोग वर्गीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

इटहरी उप-महानगरपालिका नगर कार्यपालिका को कार्यालयद्वारा देहाय वमोजिम पद र संख्यामा पदपूर्तिका लागि विभिन्न मितिमा भएका विज्ञापनहरुको परिक्षा स्थगित भएकोमा हालको दरवन्दीमा पुनारावलोकन गरि आगामी नगर सभाबाट आवश्यक दरवन्दी स्वीकृत गरी परिक्षा संचालन गर्ने निर्णय गरियो ।

**देहायः**

| क.सं | विज्ञापन नं | पद | कैफियत |
|---|---|---|---|
| १ | २- २०७९/८० | पशु चिकित्सक | |
| २ | ३ - २०७९/८० | कृषि स्नातक | |
| ३ | ४- २०७९/८० | सहजकर्ता (कृषि) | |
| ४ | ५ - २०७९/८० | इलेक्ट्रिकल सब इन्जिनियर | |
| ५ | ६ - २०७९/८० | सहायक कम्पुटर अपरेटर | |
| ६ | ७- २०७९/८० | अमिन | |
| ७ | ८ - २०७९/८० | विद्युत सहायक | |
| ८ | ९- २०७९/८० | रेडियोलेजिष्ट | |
| ९ | १० - २०७९/८० | मेडिकल अधिकृत | |
| १० | ११ - २०७९/८० | डेन्टल अधिकृत | |
| ११ | १२ - २०७९/८० | फिजियोथेरापिष्ट | |
| १२ | १३ - २०७९/८० | मनोसामाजिक परामर्शकर्ता | |
| १३ | १४ - २०७९/८० | वित्तिय साक्षरता सहजकर्ता | |
| १४ | १५ - २०७९/८० | रिटर्नी स्वयंसेवक ( आंशिक) | |
| १५ | १६ - २०७९/८० | खाद्य निरिक्षक | |
| १६ | १८ - २०७९/८० | नगर प्रहरी निरिक्षक | |
| १७ | १९ - २०७९/८० | नगर प्रहरी नायब निरिक्षक | |
| १८ | २०- २०७९/८० | नगर प्रहरी हवल्दार | |
| १९ | २१- २०७९/८० | नगर प्रहरी जवान | |

**निर्णय नं. ३**

इटहरी उपमहानगरपालिका एघारौं सभाद्वारा थारु जातिलाई प्रथम जाती घोषणा गरेको व्यहोरालाई आत्मासाथ गर्दै स्थानीय थारु भाषाको पठन पाठन आगामी शैक्षिक सत्र २०८० बाट सञ्चालन गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन नगर शिक्षा समिति र कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै अन्य भाषाहरु समेत अध्ययन अध्ययापन गराउने तर्फ सम्भाव्यता अध्ययन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

इटहरी उपमहानगरपालिका ट्राफिक व्यवस्थापनका लागि निजि पार्किङ निर्माण र सञ्चालनका लागि कार्यविधि निर्माण गरी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तिन प्राङ्ग्रे (इ-रिक्सा) व्यवस्थापन सम्बन्धि कार्यविधी २०७९ र बाल संरक्षण तथा सम्बर्द्धन सम्बन्धि कार्यविधि २०७९ माथी केहि सुझावहरु प्राप्त भएकोले थप छलफल गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

अपाङ्गता भएका व्यक्तिहरुको लागि अपाङ्गता रोकथाप तथा पुर्नस्थापना सम्बन्धि कार्यक्रम संचालन सम्वन्धमा उक्त कार्यक्रम संचालनका लागि कार्यविधीको मस्यौदा तयार गरी पेश गर्नका निम्ति स्वास्थ्य र सामाजिक विकास माहाशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

इटहरी उपमहानगरपालिका क्षेत्रभित्रका सार्वजनिक जग्गा (ऐलानी, पर्ति, खोला, पैनी जस्ता जग्गाको) संरक्षणका लागि त्यस्ता प्रकृतीका सार्वजनिक जग्गाहरु प्रत्येक वडास्तरको अवस्थाको बारेमा सबै वडा समितिहरुले १ (एक) महिनाभित्र नगर कार्यपालिकाको कार्यालयमा तथ्याङ्क तथा विवरण उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय हाताभित्र निर्माधिन प्रशासकिय भवन हालको स्वीकृत डिजाइन अनुसार नै निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

११ औ नगर सभाबाट पारित केहि वडा तथा नगर स्तरिय योजनाहरु संसोधन सम्वन्धि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

इटहरी उपमहानगरपालकिा वडा नं १८ को योजना Construction Of Bituminous/ Asphalt Road At Badahara Ring Road, Ithari-18 Sunsari, ठेक्का नं. ITR/SQ/54W/2078/079 प्राविधिक कारणवस ठेक्का रद्ध गर्ने निर्णय गरियो साथै उक्त प्राविधिक पक्ष पुनरावोलकन गरि पून: बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।